# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९/०८०
सूचना नं. ९३

## कृषि स्नातक र पशु चिकित्सक सेवा करारमा लिने सम्बन्धी सूचना !
**(सूचना प्रकाशित मितिः २०७९/०९/०१)**

यस जोरायल गाउँपालिकाको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शैक्षिक योग्यता र अनुभवः-**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| ०२-२०७९।०८० | कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको । |
| ०३-२०७९।०८० | पशु चिकित्सक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र परिषदमा दर्ता भएको । |

१) **आवेदन साथ संलग्न गर्नुपर्ने :**
उम्मेदवार स्वयमले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु:
- क) उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
- ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- ग) पासपोर्ट साईजको फोटो २ प्रति
- घ) परिषद् दर्ता प्रमाणपत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा)

२) दरखास्त दिने अन्तिम मिति : २०७९।०९।१५ गते कार्यालय समय भित्र ।

३) आवेदन दस्तुर : रु १०००।– (एक हजार) कृषि विकास बैंक जोरायल शाखामा रहेको जोरायल गाउँपालिकाको आन्तरिक राजस्व खाता हि.नं. ०८२७१०१३४६८३६१०६ मा जम्मा गरेको भौचर संलग्न राख्नुपर्नेछ ।

४) उमेर : २१ बर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिलाको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

५) आवेदन दिने स्थान : जोरायल गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी ।

६) छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

७) परीक्षा मिति : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरेको मितिमा जानकारी गराईनेछ ।

८) पारिश्रमिक र सेवा सुविधा : स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ को दफा ८ बमोजिम हुनेछ ।

९) आवेदन फाराम, पाठ्यक्रम, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण जोरायल गाउँपालिकाको कार्यालय वा गाउँपालिकाको वेवसाइट http://www.jorayalmun.gov.np बाट उपलब्ध हुनेछ ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत